# बर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अमाहिबेल्हा, सुनसरी
## कोशी प्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित सूचना मितिः २०८०/०४/०१ गते

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम ८४ बमोजिम यस बर्जु गाउँपालिकाले विभिन्न वडाहरूमा दैनिक/साप्ताहिकरुपमा लाग्ने तपसिल बमोजिमका हटियाहरूको आगामी आ.व. २०८०/०८१ को हाट बजार पसल कर उठाउने प्रयोजनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले उल्लेखित शर्तको अधिनमा रहि तोकिएको मितिभित्र न्युनतम वार्षिक ठेक्का अंकमा नघटाई गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | हटिया लाग्ने बार | हटिया लाग्ने स्थान | न्यूनतम वार्षिक ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | धरौटी रकम रु. (स्वदेशी फर्मको हकमा) | हटियाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०२-०७९/८० | मंगलबार, शुक्रबार | १ नं. वडाको रामगञ्ज बेलगछिया | रु.१५०००० /- (एक लाख पँचास हजार मात्र ) | रु.७५००/- | साप्ताहिक | |
| २ | ०३-०७९/८० | बुधबार, शनिवार | २ नं. वडाको वनरवा घाट | रु.५००००/- (पँचास हजार मात्र) | रु.२५००/- | साप्ताहिक | |
| ३ | ०४-०७९/८० | आईतबार, बिहीबार | ३ नं. वडाको टेडग्रा खोलाको किनार | रु.५००००/- (पँचास हजार मात्र) | रु.२५००/- | साप्ताहिक | |
| ४ | ०५-०७९/८० | मंगलबार, शुक्रबार | ४ नं. वडाको अमडुवा | रु.५१०००/- (एकाउन्न हजार मात्र) | रु.२५५०/- | साप्ताहिक | |
| ५ | ०६-०७९/८० | हप्ताभरी | ५ नं. वडाको अमाहिबेल्हा मिलन चोक | रु.५१०००/- (एकाउन्न हजार मात्र ) | रु.२५५०/- | दैनिक | |
| ६ | ०७-०७९/८० | हप्ताभरी | ६ नं. वडा अन्तर्गत: चिमडीको रविहाट, चिमडीको राजाजी मन्दिर, चिमडीको जानकी चौक, चिमडी राजाजी मन्दिर दैता, चिमडी बजार | रु.५०००००/- (पाँच लाख मात्र) | रु.२५०००/- | साप्ताहिक | |

**नोटः विदेशी फर्मको हकमा धरौटी वापतको रकम माथि उल्लेखित रकमभन्दा दोब्बर बुझाउनु पर्नेछ।**

**सूचनाको शर्तहरू :**

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले पन्ध्रौं (१५) दिनसम्म नगदै रु.१०००।- अक्षरेपी एकहजार रुपैया मात्र बुझाई खरिद गरी लिनुपर्ने छ।
२. खरिद भएको दरभाउपत्र सम्बन्धी कागजात सोह्रौं (१६) दिन दिनको १२:०० बजे सम्म बर्जु गाउँपालिकामा दर्ता गरि सक्नु पर्नेछ।
३. शिलबन्दी दरभाउपत्र फारम साथ फर्मको हकमा फर्म ईजाजतपत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ताको प्रतिलिपी र आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
४. दरभाउपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरि उल्लेख गरेको हुनु पर्ने छ। अंक प्रष्ट नभएमा अक्षरलाई मान्यता दिईने छ। केरमेट भएमा टिपेक्स लगाउन पाईने छैन। दरभाउपत्र दाताले केरमेट भएको दुवै तर्फ दस्तखत गरेको हुनु पर्ने छ।
५. धरौटी वापतको रकम यस गाउँपालिकाको धरौटी खाताः हि.नं.२४३CA५००१७६२८००५ एन.आई.सि.एसिया बैंक, बर्जु शाखामा नगद जम्मा गरि सक्कलै बैंक भौचर दरभाउपत्रसाथ संलग्न राखी पेश गर्नु पर्ने छ।
६. पेश हुन आएका दरभाउपत्रहरू सूचना प्रकाशन भएको सोह्रौं (१६) औं दिनमा दिनको २:०० बजे दरभाउपत्र दाता तथा प्रतिनिधिको रोहबरमा यस गाउँपालिकामा खोलिने छ। दरभाउपत्र दाता अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्नलाई कुनै बाधा हुने छैन। सबै भन्दा बढी ठेक्का अंक सकार गर्ने दरभाउपत्र दाताका रितपूर्वकको दरभाउपत्र स्वीकृत गरिने छ।
७. दरभाउपत्र स्विकृत भए पश्चात कबुलियतनामा गरि तोकिएको दर रेट अनुसार ठेकेदार स्वयंले कर उठाउने रसिद छपाई गरि गाउँपालिकाबाट प्रमाणित गरि प्रयोग गर्नुपर्ने छ।
८. माथि उल्लेख गरिएको कुराहरू बाहेक अन्य शर्त तथा कुराहरू प्रचलित ऐन नियममा तोकिए बमोजिम हुने छ।
९. ठेकेदारले आफूले कबोल गरेको रकम एकमुष्ट रुपमा सम्झौता हुनु अगाबै गा.पा.को सम्बन्धित खातामा दाखिला गर्नुपर्ने छ।
१०. नेपाल सरकार तथा स्थानिय तहको पेश्की फछ्र्यौट नगरेको तिर्न बाँकी रहेको व्यक्ति, फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गरिने छैन।
११. दरभाउपत्र सम्बन्धमा थप कुराहरू बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस गाउँपालिकामा सम्पर्क राखी बुझ्न सकिने छ।
१२. कुनै कारणबाट दरभाउपत्र खोल्ने मिति र समयमा दरभाउपत्र खोल्न सकिएन भने त्यसको भोलि पल्ट कार्यालय समयमा दरभाउपत्रदाता तथा प्रतिनिधीहरूको रोहवरमा खोलिने छ।
१३. दरभाउपत्र दाताले जुन हटियाको लागि दरभाउपत्र पेश गर्न चाहेको हो सोको सम्बन्धित कोठामा आफूले कवोल गर्ने अंक उल्लेख गर्नु पर्ने छ। पुरै हटियाको ठेक्का लिन चाहने ठेकेदारले भने दरभाउपत्रको सवै कोठा (कोलम) मा आफूले कवोल गरी सकार गर्न चाहेको अंक उल्लेख गर्नु पर्ने छ।
१४. दरभाउपत्र सम्बन्धमा सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहने छ।

**प्रमुख प्रशासकीय अधिकृत**